नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(........................ शाखा)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ती

मिति २०७५ सालमा सिंहदरबार लगायत **देशभरनै "एक राष्ट्रसेवक एक फलफूलको विरुवा (One Employee One Fruit Plant)"** रोप्ने कार्यक्रमको रुपमा सञ्चालन गर्ने मिति २०७५ जेष्ठ ४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरु समेतको सहभागितामा बैठक सम्पन्न भयो ।

बैठकले विश्व वातावरण दिवस, २०१८ को अवसरमा निजामती सेवा, सुरक्षा निकाय, सार्वजनिक संस्थान एवं बैंक तथा वित्तीय संस्थामा कार्यरत राष्ट्रसेवक एवं अन्य कर्मचारीहरुले **"एक राष्ट्रसेवक एक फलफूलको विरुवा** (One Employee One Fruit Plant)" सिंहदरबार लगायत सम्पूर्ण सरकारी कार्यालय, विश्वविद्यालय र विद्यालयहरु, लुम्विनी लगायत अन्य धार्मिक तथा सांस्कृतिक र पर्यटकीय स्थलहरु, सार्वजनिक संस्थान र विभिन्न वैंक तथा वित्तिय संस्थाहरुको कार्यालय परिसर समेतमा फलफूल (Fruits) का विरुवा रोप्ने कार्यक्रम रहेको छ ।

उक्त कार्यक्रमलाई रक्षा मन्त्रालय, गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालय, कृषि भूमि सुधार तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले समन्वय गर्ने निर्णय भएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७५।२।६

विनोद बहादुर कुँवर
प्रवक्ता / सह-सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np